# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रैनादेवी छहरा गाउँपालिका
## पाल्पा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रैनादेवी छहरा गाउँपालिका

## पाल्पा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रैनादेवी छहरा गाउँपालिका

## पाल्पा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ४३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

**रैनादेबी** छहरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पाल्पा।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ५४ लाख ५९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ११ लाख २५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २ लाख ५५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८९ लाख ११ हजार, नियमित गर्नुपर्ने रु. ५१ लाख ६८ हजार समेत गरी यस वर्ष रु. १ करोड ४३ लाख ३४ हजार बेरुजू कायम रहेको छ । गाउँपालिकाको गतवर्ष सम्मको सम्परीक्षण पश्चात रु. १६ करोड ३१ लाख ८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड ७४ लाख ४२ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने **रैनादेबी छहरा** गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **रैनादेबी छहरा** गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली )**
**नायब महालेखापरीक्षक**

## रैनादेबी छहरा गाउँपालिका, पाल्पा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८० | २८ | १५४५९ | ० | २ | ११२५ | ८० | २६ | १४३३४ | २५५ | ५१६८ | ८९११ | ० | ० | १४०७९ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रैनादेबी छहरा गाउँपालिका, पाल्पा जिल्ला | १६५६९६ | ० | २५८८ | १६३१०८ | ० | १४३३४ | १७७४४२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३१ | पेश्की फछ्यौट | ११२५३३७ |
| | चालु वर्षको जम्मा | | | **११२५३३७** |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | ९६००० |
| | २०७६।७७ | | | २४९१५१० |
| | गत विगतको जम्मा | | | **२५८७५१०** |
| | कुल जम्मा | | | **३७१२८४७** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) कार्यालय परिचय** :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १७५.८८ वर्ग किलोमिटर तथा २३१४९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१० देखि २०८०।०७।०३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा सुचनाको पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- कार्यालयको आय — व्ययतर्फ रु.११६८६१८९९९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीयप्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) निम्नअनुसार देखिएको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७१२८०५२७५. | ५८५४९८८०५.६५ | | ५८५४९८८०५.६५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७१११९२०००. | ५७१०७२८९७.२५ | ० | ५७१०७२८९७.२५ |
| ११००० कर | ११ | १०९५८८०००. | १००४८८१६८.६५ | ० | १००४८८१६८.६५ |
| १३००० अनुदान | | ५२२१०४०००. | ४७०५८४७२८.६ | ० | ४७०५८४७२८.६ |
| संघीय सरकार | १२ | ४८६७६७०००. | ४४०७७९७०६.६ | ० | ४४०७७९७०६.६ |
| प्रदेश सरकार | १२ | ३५३३७०००. | २९८०५०२२. | ० | २९८०५०२२. |
| १४००० अन्य राजस्व | | ० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | ७९५०००००. | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १६१३२७५. | १४४२५९०८.४ | | १४४२५९०८.४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १६१३२७५. | ९५७५२१५.४ | ० | ९५७५२१५.४ |
| धरौटी | | ० | ४८५०६९३. | ० | ४८५०६९३. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ७१२८०५२७५. | ५८३१२०१९४.३१ | | ५८३१२०१९४.३१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७१११९२०००. | ५७८५५७५१४.६८ | | ५७८५५७५१४.६८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २९९३०१०००. | २७३४५४८०७.६३ | ० | २७३४५४८०७.६३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७४३३७०००. | १४२३५४६८७.०५ | ० | १४२३५४६८७.०५ |
| २७००० सामाजिक सुरक्षा | १८ | ० | ० | ० | ० |
| २८००० अन्य खर्च | १८ | २७०००००. | २३३५९००. | ० | २३३५९००. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २३४८५४०००. | १६०४१२१२०. | ० | १६०४१२१२०. |
| घ. अन्य भूक्तानी | | १६१३२७५. | ४५६२६७९.६३ | | ४५६२६७९.६३ |
| कोषहरु | | १६१३२७५. | १५१४८६३.६३ | ० | १५१४८६३.६३ |
| धरौटी | | ० | ३०५३२७१. | ० | ३०५३२७१. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -५,४५५.०० | | -५,४५५.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | २३७८६११.३४ | | २३७८६११.३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २३९३९८४६.९८ | | २३९३९८४६.९८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २६३१८४५८.३२ | | २६३१८४५८.३२ |
| बैंक तथा नगद बाकी | २४ | | २५०९१९०८.३२ | | २५०९१९०८.३२ |

**ख) कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट CGAS मार्फत कारोबार भएका तर पालिकाको संचितकोषमा समावेश नहुने कारोबारहरूको विवरण निम्न अनुसार रहेको छ :**

| शीर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| सामाजिक सूरक्षा कार्यक्रम | १२८४९२००० | १२५५३०६०७ | १२५५३०६०७ |
| भाषा तथा संस्कृति कार्यक्रम | ६५००००० | ५८१२५४६ | ५८१२५४६ |
| गरिबसंग विषेश्वर | ४६५००० | ४६३००० | ४६३००० |

वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.१२५५३०६०७, भाषा तथा संस्कृतिक कार्यक्रमको रू ५८१२५४६ र गरिबसँग विशेश्वरको रू ४६३००० समेत गरी रू १३१८०६१५३.७७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसबाट पालिकाको सुत्रले तयार गरेको वित्तीय विवरण तथा वास्तविक आर्थिक कारोबारमा उपरोक्त रकम फरक परेको देखिन्छ । तसर्थ तालुक निकायले पालिकाको सबै आर्थिक कारोबारहरू समेटी एकिकृत विवरण तयार हुने गरी प्रणाली विकास लागू गर्नुपर्दछ ।

३ **वित्तीयप्रतिवेदनकोविश्लेषण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्

- सुत्रले तयार गरेको वित्तीय विवरण म.ले.फा.नं.२७२ को वित्तीय विवरण अनुसार गत वर्षको स्रेस्ता अनुसार मौज्दात बाँकी रु.७५२६०५५ रहेकोमा बैक अनुसार बाँकी रु.१८७१३२९७ रहेको छ । तर यसवर्षको रु.२३९३९८४७ जिम्मेवारी सारेकोले बैक बाँकी भन्दा रु.५२२६५५० बढी जिम्मेवारी सारेको देखिन्छ ।

·- सुत्रले तयार गरेको वित्तीय विवरण म.ले.फा.नं.२७२ वित्तीय विवरण अनुसार यस वर्षअल्या जिम्मेवारी सहित सहितको कुल आम्दानी रु.६०९४३८६५३ तथा खर्च रु.५८३१२०१९४ रहेकोमा वर्षान्तमा श्रेस्ता अनुसारको बाँकी रु.२६३१८४५८ रहेको देखिन्छ । तर अनुसूची २४ अनुसार सुत्र अनुसारको बैंक बाँकी रु.२५०९१९०८ रहेको देखिन्छ । जसअनुसार सुत्रको श्रेस्ता र बैक बीच रु.१२२६५५० फरक देखिएको छ ।

·- म.ले.प.फा.नं. २७२ को अनुसूची नं.१५ ले दिनेश भट्टराईबाट प्राप्त रू.६१३२७५ लाई प्रकोप व्यवस्थापन तर्फ यस वर्षको आम्दानीमा र विविध खर्च तर्फ गत वर्षको मौज्दातमा दुई पटक गरी रू.१२२६५५० देखाएकोले खुद रू.१२२६५५० वढी देखिएको छ । जसबाट यस वर्षको मौज्दात रू.२५०९१९०८.३२ हुनेमा सुत्रलेवर्षान्तको बाँकी रकम रू.२६३१८४५८.३२ देखिएको विवरण पालिकाले पेश गरेको छ ।

· -गत वर्षको बढी जिम्मेवारी सारेको रकम रु.५२२६५५० र यस वर्षको श्रेस्ता भन्दा बैंक घटी देखिएको रु.१२२६५५० समायोजन गर्दा श्रेस्ता र बैंक बीच रु.४०००००० फरक देखिन्छ ।

अतः पालिकाले गत वर्षको जिम्मेवारी, यस वर्षको श्रेस्ता अनुसारको बाँकी र बैक बाँकी बीचको फरक तथा बैक बढी देखिएको रकमको हिसाब भिडान गरी श्रेस्ता र बैंक बाँकी रकम यकिन गर्नुपर्दछ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रू. ६७ करोड ४९ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विविध उल्लेख गरी चालु तर्फ रू.६४५५००० र पूंजीगत तर्फ रू.२६००००० गरी रू९०५५००० अबण्डा बजेट राखेको छ ।

बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग तादम्यता हुने गरि बजेट निर्माण गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई माग भए अनुसार इ टीडिएस मात्र गरेको छ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले संघ तथा प्रदेश सरकारसँग दोहोरो नपर्ने गरि कार्यक्रम निर्धारण गर्नुपर्नेमा संघीय सर्शत तथा पालिकाले एकै प्रकारका कार्यक्रम तयार गरि कार्यान्वयन गरेकोमा समन्वय गरेको देखिएन ।

• संघीय हस्तान्तरित तथा प्रदेश हस्तान्तरित कार्यक्रमहरू समेत अनुगमन भत्ता, दैनीक भ्रमण भत्ता, बैठक भत्ता लगायत वितरण प्रकृतिका रहेको पाईयो ।

• पालिकाले अनुगमन तथा भ्रमण खर्च लेख्दा उद्देश तथा कार्य प्रयोजन स्पष्ट खुलाएको पाईएन ।

• पदाधिकारी तथा कार्यालय इन्धन खर्चको स्वीकृत ढाँचामा लग बुक प्रमाणित नगरी खर्च लेख्ने गरेको पाईयो ।

• पालिकाले तोकिएको शीर्षकको भत्ता खर्चलेख्दा अन्य शीर्षकमा सोही मितिमा सोही कर्मचारी उपस्थित भई दोहोरो भत्ता भुक्तानी भए नभएको अभिलेख राख्ने तथा भिडाउने गरेको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा यस वर्ष आंशिक सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदनलाइ कार्यान्वयन गर्नुपर्नेमा हालसम्म गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी कार्यालय प्रमुखले तोकेको कर्मचारी बाट प्रमाणित गर्नुपर्ने मा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र योजना गत कन्टिन्जिन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा केही योजनामा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकतामा राखेको देखिएन तथा सहभागिता शून्य रहेको अवस्था छ ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा उपभोक्ता समितिबाट पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ दफा २५ र नियमावली २०७७ नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउन भुक्तानीका लागि विल भरपाई र आवश्यक कागजात संलग्न गरी प्राविधिक र अन्य शाखाबाट भुक्तानी कारोवार सिफारिस पत्र मलेपफानं २०२ सिफारिस भनै आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमाकार्यालयले उक्त व्यवस्था कार्यान्वयन नगर्दा खर्च शिर्षकहरूबाट यथार्थपरक खर्च भएको पाईएको छैन । अत उक्त व्यवस्था कार्यान्वयन गर्न सुझाव छ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **रू हजारमा** | | | | | |
|---|---|---|---|---|---|
| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** | **क्षेत्रगत खर्च प्रतिशत** |
| १ | आर्थिक विकास | ४१२५० | २७४५९ | ६६.५ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पूर्वाधार विकास | १७०५१२ | ११२७१४ | ६६.१ | १९.४ |
| ३ | सामाजिक विकास | ४००२६० | ३५६०२० | ८८.९ | ६१.५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०४४३ | ७१५५ | ६८.५ | १.२ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८८७२७ | ७५२०९ | ८४.७ | १३ |
| **जम्मा** | | **७११११९२** | **५७८५५७** | ८१.३ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको खर्च विश्लेषण गर्दा सामाजिक विकासमा सबैभन्दा बढी ८८.९ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ६६.१ प्रतिशत रहेको छ । त्यस्तै कुल खर्चमा क्षेत्रगत खर्च स्थिति विश्लेषण गर्दा सबै भन्दा वढी सामाजिक विकास क्षेत्रमा ६१.५ प्रतिशत र सबै भन्दा कम संस्थागत विकास सेवा प्रवाह र सुशासनमा १.२ प्रतिशत खर्च रहेको छ ।

सैद्धान्तिक बेरुजु

८ **खर्च बिश्लेषण** - यसवर्ष मालपोत रजिष्ट्रेशन सहित आन्तरिक आयबाट रू.१११४७१२२, राजस्व बाँडफाँट सहित कर रू.८९३४१०४७ र अनुदानबाट रू.४७०५८४७२९ समेत रू.५७१०७२८९७ आम्दानी भएकोमा चालु तर्फ रू.४१८१४५३९५ र पुँजीगत तर्फ रू.१६०४१२१२० समेत रू.५७८५५७५१५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७२.२७ प्रतिशत चालू र २७.७३ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । साथै यस वर्ष पदाधिकारी सुविधामा रू.१ करोड १४ लाख २३ हजार खर्च भएको छ जुन आन्तरिक आयको १०२.४७ प्रतिशत रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम विकास निर्माणमा परिचालन गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च रू हजारमा** | |
|---|---|---|---|

| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| पुँजीगत खर्चतर्फ | १६०४१२ | १३९२ | ३०४१८ | ४३३७२ | ८५२२८ | ३९१४६ |
| प्रतिशत | १०० | ०.८७ | १८.९९ | २७.०४ | ५३.१ | २४.४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू. १६ करोड ४ लाख १२ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.१३ लाख ९२ हजार (०.८७ प्रतिशत), दोस्रो त्रैमासिकमा रू. ३ करोड ४ लाख १८ हजार (१८.९९ प्रतिशत), तेस्रो त्रैमासिकमा रू. ४ करोड ३३ लाख ७२ हजार (२७.०४ प्रतिशत) र चौथो त्रैमासिकमा रू. ८ करोड ५२ लाख २८ हजार (५३.१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. ३ करोड ९१ लाख ४६ हजार (२४.४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न समयमा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ४ वटा नियमावली, ३१ वटा कार्यविधि, २ वटा मापदण्ड, ३ वटा निर्देशिका र १ वटा विनियमावली गरी ५१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

११ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष १४ वटा दर्ता भएकोमा ८ वटा मात्र फस्यौंट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम

गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार मोटर साईकल १ थान, टेवुल ८ फ्रिज १ थान, लगायतका मालसामान मर्मत गर्नुपर्ने तथा मोवाइल फोन ७ थान, डेक्सटप कम्प्युटर ६ थान, ल्यापटप ९ थान, प्रिन्टर ४ थान, टिभि २ थान, ट्याव १ थान लगायतका मालसामान लिलाम बिक्रि गर्नुपर्ने देखियो । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले १९ जना कर्मचारी करारमा राखि मासिक रू.५८७७१९ ले रू.७६४०३४७ खर्च गरेको छ । उल्लिखित पदहरू बाहेक सहायक पाँचौ, सब इन्जिनियर र असिष्टेन्ट सब इन्जिनियर गरी ५ कर्मचारी नियुक्ती गरी तलब भत्ता रू.२२०९९२२ भुक्तानी गरेको पाइयो । त्यस्तै पालिकाले ज्यालादारीमा सहायक चौथो तहका ७ कर्मचारी राखि मासिक रू.१९८४५० का दरले रू.२३८१४०० खर्च लेखेको छ । स्वीकृति दरबन्दी अनुसार रिक्त पदमा स्थायी पदपूर्ती गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्वास्थ्य सहित पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ६३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि सेवा अधिकृत, पशु सेवा अधिकृत, हे.ई.छैटौ, सहायक पाँचौ, लेखा सहायक, सव इन्जिनियर सहित २६ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । पालिकाले स्वकृति दरवन्दी अनुसार रिक्त रहेको पदमा पदपूर्तीको लागि च.नं १९१३ मिति २०८०।३।२४ मा प्रदेश लोकसेवा आयोगमा माग पठाएको जनाएको छ ।

सैद्धान्तिक बेरुजु

१५ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका १६ कर्मचारीको रू. १०७७२०८ र पालिका तर्फ कर्मचारीको रू. १३५०४४४९।२९ समेत रू. २४२८१६५७।२९ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, सामान खरिद, सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा देहाय अनुसार अनुदान खर्च लेखेको छ ।

| **क सं** | **अनुदानकार्यक्रमको नाम** | **बजेट श्रोत** | **संख्या** | **खर्च** |
|---|---|---|---|---|
| १ | ५० % अनुदानमा सिमेन्टपोखरी निर्माण | गा पा | १० | ३९३८४७ |
| २ | ५१ % अनुदानमामिनिटिलर वितरण | गा पा | ८३ | २०१२७५० |
| ३ | ५२ % अनुदानमाकुटानीपिसानी मिल | गा पा | ७८ | १०९२००० |
| ४ | कृषि पकेट कार्यक्रम (मकै विउ वितरण) | गा पा | - | २४०००० |
| ५ | सुन्तला पकेट | संघ सशर्त | ९४ | ५९९९९९ |
| ६ | तरकारी पकेट | संघ सशर्त | ६४ | ११६७२८६ |
| ७ | कागति खेती विस्तारकार्यक्रम | संघ सशर्त | २४ | ९५५८४८ |
| ८ | उत्पादन (दुध र मासु) मा ढुवानी अनुदान | गा पा | ५ सहकारी संस्था मार्फत | ७७५९९८ |

पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो पना नहुने गरी अनुदान ग्राहीको जीवन स्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन

प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाको वित्तिय प्रतिवेदन अनुसार यस वर्ष विविध खर्चतर्फ रु. ५४२३००० र सभा संचालन तर्फ रु ९९९००० गरी रु ६४२२००० खर्च गरेको देखिन्छ । विविध खर्चको प्रयोजन र आधार स्पष्ट गरी यस्ता प्रकारका खर्चमा मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **भाषा तथा संस्कृतिक कार्यक्रम**

१९.१ मगर समुदायको भाषा कला र संस्कृतिको संरक्षण र प्रवर्धन कार्यका लागि रू १०००००० बजेट विनियोजन भएकोमा गोभौनं ९।२०८०।३।१३ बाट मगर भाषा प्रशिक्षण कार्यक्रम संचालन बापत प्रशिक्षक भत्तामा रू ४१२००, सहभागी यातायात खर्चमा रू ४६५००, सवारी साधनमा ३६०००, हल भाडा १४०००, खाना खाजा र आवास वापत रू ४४०००० लगायत रू ६६५०२६ खर्च लेखेको छ । भाषा संस्कृतिको उत्थानका लागि दिगो प्रकृतिको कार्य गरी यस्ता वितरणकारी खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९.२ स्थानीय लोक संस्कृतिको संरक्षण र प्रवर्धनको लागी रू १०००००० विनियोजन भएकोमा पञ्चे बाजा, ठुलो नाच, लाखे नाच र भजन कृतनका सामाग्रीको सेट खरिद गरी रू ७९८५८९ खर्च गरेको छ । उक्त सामाग्री खरिद गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा सो नगरी तिन वटा कोटेसन लिई खरिद गरेको छ । खरिद गरिएका लाखे नाच सहितका सामाग्री सम्बन्धितलाई वितरण गरे तापनि अन्य सामाग्री मौज्दात नै रहेको छ । मौज्दात सामाग्री वितरण गरी सोको संरक्षण र उपयोगको उचित प्रबन्ध मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **कार्यक्रम खर्च** - पालिकाका विभिन्न स्थानमा कार्यक्रम संचालन गरेको विल भरपाईको आधारमा गोभोनं ५०१।२०८०।३।२५ बाट स्वास्थ्य संयोजन जीवन रानाको पेस्की फछ्र्यौट गरेकोमा डा. शिशिर कुमार पटेललाई ४ वटा कक्षाको रू २००० का दरले रू ८००० मा कर कट्टा गरी रू ६८०० भुक्तानी दिएकोमा भरपाई नहुनुको साथै प्रति कक्षा रू २००० का दरले दिएको आधार पेश हुनुपर्ने त्यस्तै जीवन रानालाई भुक्तानी दिएको रू ८०००, सुस्मिता कुँवरलाई दिएको रू १४०० र सिर्जना थापालाई दिएको रू १४०० समेत नर्म्स कार्यपत्र सहितका प्रमाण पेश हुनुपर्ने रू

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १८,८०० |

२१ **गरिब संग विश्वेश्वर कार्यक्रम** - गरिब संग विश्वेश्वर कार्यक्रम अन्तर्गत ३१ जनालाई बाखा वितरण गरी रू १८६००० तथा ८ जनालाई बङ्गुर वितरण बापत रू ४२०००, गरी जम्मा रू २२८००० खर्च लेखेको छ । यस्ता कार्यक्रमका लाभ ग्राहीहरूले कार्यक्रम अनुसार आय आर्जनका यस प्रकारका कार्यक्रमको निरन्तरता दिए नदिएको सम्बन्धमा अनुगमन गर्नु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२२ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२३ **समृद्धीको लागि वन** – यस कार्यक्रमको लागि संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रममा रू २५१२००० दिगो वन व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रममा रू ११००००० र आयोजना अनुगमन तथा मुल्याकंनमा रू ८८००० समेत रू ३७००००० बजेट व्यवस्था भएकोमा संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धिमा ल्यापटप, डेस्कटप, प्रिन्टर, फर्निचर र मोटरसाइकल खरिद लगायत रू ११७०००० (४६.५८%) र अनुगमन तथा सुशासनमा ८८००० (१००%) गरी १२५८००० खर्च भएको छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२४ **वार्षिक खरिद योजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकाले विभिन्न शीर्षक अन्तर्गत खुलाबोलपत्रबाट रू ६ करोड १८ लाख ९९ हजार, सोझै खरिद १ करोड १७ लाख २१ हजार, उपभोक्ता समितिबाट ९ करोड २६ लाख २ हजार, अमानतबाट ८ लाख ९० हजार र शिलवन्दी दरभाउपत्रबाट ४ लाख ३० हजार गरि वार्षिक रू. १६ करोड ७५ लाख ४२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम गर्नुपर्नेमा वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित, मितव्ययी र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२५ **नक्सा पास** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ देखि ३९ सम्म स्थानीय तह भित्र नक्सा पास नगरी घरटहरा बनाउन नपाईने व्यवस्था छ । पालिका बाट प्राप्त तथ्यांक अनुसार पालिका भित्र ६००९ घर रहेकोमा घर नक्सा पास कार्य भएको तथा सोको अभिलेखीकरण भएको पाईएन । ऐनमा तोकीए बमोजिम घरनक्सा पास कार्य गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **सामुदायिक वनबाट आय** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका ७५ सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन।

सैद्धान्तिक बेरुजु

२७ **अधुरा योजनाहरू** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग पूर्णरूपमा हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

**रकम रु हजारमा**

| **क्र सं** | **योजना/कार्यक्रमकोनाम** | **लागतअनुमान** | **सम्पन्नमुल्याङ्कन** | **सम्पन्नप्रतिशत** |
|---|---|---|---|---|
| १ | छापछेडा, गुहारठाना, कालिमाटी टार्लुङउर्लेर मोबा | १०६९३९ | ७५२२७ | ७०.०३ |
| २ | जोगवाणि खेलमैदान असौंदी | ३२०१६७ | १५४९०५ | ४८.३८ |
| ३ | देउराली असौंदी मो बा | ४२६७५८ | १६६७५६ | ३९.०७ |
| ४ | हुटुङ्गा कमेरे छापपोखरा मो बा | १६०४२४ | ९१५१४ | ५७.०४ |
| ५ | सामदिप जरेङ मो बा | २१३३६८ | १०४९४४ | ४९.१८ |

सैद्धान्तिक बेरुजु

२८ **उत्पादनमा आधारित अनुदान** - भौनं १६।२०८०।१।१६ बाट ५ नम्न सहकारी संस्थालाई उत्पादन तथा बजारी करणको आधारमा दिइने अनुदान दूधमा प्रति लिटर रू २ का दरले र मासुमा प्रति के जि रू २० का दरले उपलब्ध गराएकोमा सम्बन्धित किसानले प्राप्त गरे नगरेको सन्दर्भमा अनुगमन गर्नु पर्दछ ।

| **सहकारी संस्थाको नाम** | **विवरण** | **रकम** |
|---|---|---|
| कालिका महिला विकास बहुउद्देश्य संस्था | मासु ४४१७ के जि | ८८३४० |
| फोक्केआँप कृषि सहकारी संस्था | दुध ५६५० लिटर | ११३०० |
| मुझुङ कृषि सहकारी संस्था | दुध १७६५१७ लिटर | ३५३०३४ |
| लगनशिल सामाजिक उद्यमि सहकारी संस्था | मासु ९२०१ के जि र दुध २६१०२ लि | २३६२३८ |
| कोलधारा दुध उत्पादन सहकारी संस्था | दुध ४३५४२ लिटर | ८७०८५ |
| जम्मा | | ७७५९९७ |

सैद्धान्तिक बेरुजु

२९ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार कुल ४१६ योजनामा वजेट विनियोजन गरेको छ ।

| **क्र. सं.** | **बर्गिकरण** | **योजना संख्या** |
|---|---|---|
| १ | रू ५० हजार सम्मका | ४६ |

| | | |
|---|---|---|
| २ | रू ५० हजार देखि रू २ लाख सम्माका | १३४ |
| ३ | रू २ लाख देखि ५ लाख सम्मका | १८० |
| ४ | रू ५ लाख देखि १० लाख सम्मका | ४३ |
| ५ | रू १० लाख देखि माथिका | १३ |
| **जम्मा** | | **४१६** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । उपयुक्त योजना मध्ये उपभोक्ता समितिबाट रू ९४१४५८०० बजेटका ३८९ वटा योजना सम्झौता भएकोमा ३७७ योजना सम्पन्न भएको देखिन्छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये रू ६५७०००० का ८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **परामर्स तथा डीपीआर खर्च** - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिम परामर्शदाता सेवा लिएकोमा आफ्नो जनशक्तिबाट हुन नसक्ने विषय खुलाएको छैन । अतः आफ्नै जनशक्तिबाट हुन सक्ने कार्यमा परामर्श सेवा लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **आयोजनाको लागत** |
|---|---|---|---|---|
| टाटिम-अमिले-मनभागसडक स्तोरन्तरी | जिलइन्जिनियरिङ सोलुसन प्रालि | ९९० | ९९० | ९९२५१५ |
| कन्चननदिको आ ई ई | कम्प्लेसस्टडि एण्ड रिसर्च सेन्टर | ४०५ | ४०५ | - |

| | | | | |
|---|---|---|---|---|
| झिर्वास-लसुने-खुर्सानेखानेपानी वितरण कार्यक्रम | सुसम्रिद्ध नेपाल इन्जनियरिङ | ९८ | ९८ | १९२५० |
| छहरा-दागिल-हरिआँपसडक | प्रविधिइन्जिनियरिङ सोलुसन प्रा लि | ३६७ | ३२४ | २४४५२७ |
| गेदावास-रूगर टाकुरा-अर्दाई सडक | ईगल सोलुसनप्रा लि | ३१७ | ३१७ | ८६७६४ |
| जम्मा | | २१७७ | २१३४ | १३४३०५६ |

सैद्धान्तिक बेरुजु

३१ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ ।त्यस्तै नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । मलेपफानं २०७२ अनुसार यस वर्ष पालिकाको निम्न अनुसार गत बर्षको म्याद ननाघेको रू ३३८५०२२ रहेको छ । नियमानुसार पेश्की फछ्यौट हुनुपर्दछ।

| पेस्कीको मिति | पेस्कीको विवरण | पेस्की लिने व्यक्ति फर्मको नाम | गतवर्षको | | चालुवर्षको | |
|---|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको |
| २०७९।४।१ | सडककालोपत्रे | दर्शनकन्स्ट्रक्सन प्रालि | २४४३००० | | | |
| २०७९।४।१ | झोलुङ्गेपुल निर्माण | वर्दाघाटझोलुङ्गे पुल उ स | ७१७०२२ | | | |
| २०७९।४।१ | सफ्टवयरसञ्चालन | अम्मर बहादुर राईमाझि | | ५०००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७९।४।१ | रेफ्रेसरतालिम | रिता घर्तिक्षेत्री | | १७५००० | | |
| **जम्मा** | | | ३१६००२<br>२ | २२५००० | ० | ० |

*५..........(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फछ्र्यौट गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. ११२५३३७।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| पेश्की | ० |

३२ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **औद्योगिक ग्राम** - पालिकाको वडा नं ४ आप्रे चौरमा औद्योगिक ग्राम स्थापनाको लागि पहुँच मार्गको रू.५८९७८१९६ र भवन लगायत अन्य संरचनाको रू.९६४४१३५० समेत गरी रू.१५५४१९५४६ को लागत अनुमान तयार भएकोमा उद्योग मन्त्रालय र पालिका बीच सम्झौता भएको छ । मन्त्रालयबाट उक्त कार्यका लागि आ व ०७७।७८ मा रू.९०००००० प्राप्त भएकोमा हालसम्म मन्त्रालयसँगको सम्झौता अनुसारको कार्य सुचारु हुन नसकी रू.८१५०२९१।८७ बचत रहेको देखिन्छ । जसबाट उक्त रकम प्रयोग विहीन रूपमा पालिकाको खातामा रहेकोले मन्त्रालयबाट उक्त निर्माण कार्य सुचारु वा उक्त रकम फिर्ता गर्ने सो सम्बन्धमा निर्णय हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

३४ **स्वास्थ्य विमा** - गाउँपालिकाले ५०% स्वास्थ्य वीमा कार्यक्रम शीर्षकमा रू. ५००००० तथा निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम शीर्षकमा रू. ४००००० गरी रू. ९००००० विनियोजन गरेको छ। जस अन्तर्गत कार्यपालिकाको मिति २०७९/११/२ मा ५०% सहुलियत तथा निःशुल्क बिमाको लागि वडा गत रूपमा सङ्ख्या निर्धारण गरेको छ । उक्त कार्यक्रमको लाभ ग्राही छनोटका लागि कुनै पनि कार्यविधि तथा निर्देशिका बनेको पाईएन। कार्यविधि निर्माण गरि कार्यक्रम कार्यान्वयन हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **औषधि** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु

पर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनु पर्दछ । पालिकाले यस वर्ष ससर्त अनुदान चालूतर्फ रू.१३१९००० को र गाँउपालिका चालूतर्फ रू.९८४००० समेत रू.२३०३००० को औषधि खरिद गरेको देखिन्छ। उक्त औषधिहरू स्वास्थ्य चौकीबाट माग भए अनुसार एकमुस्ट निकासि गरेको छ । साथै जिल्लाबाट के कति परिमाणमा औषधि प्राप्त भएको हो सोको विवरण पालिका PAMS मा देखिँदैन । साथै स्वास्थ्य चौकीलाई वितरण भए अनुसार चौकीले औषधि खर्च तथा मौज्दात सम्बन्धमा पालिकाबाट अनुगमन भएको समेत देखिएन । तसर्थ विभिन्न क्षेत्रबाट प्राप्त औषधि तथा पालिकाबाट खरिद भएका औषधिको एकीकृत अभिलेख राखी औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **धरौटी फिर्ता** - अर्थ मन्त्रालयको च.नं.३६९ मिति २०६९।६।१७ तथा आन्तरिक राजस्व विभागको च.नं.१२ मिति २०६९।६।१० को पत्रअनुसार ठेक्का तथा करारमार्फत निर्माण तथा मालसामानको आपूर्तिको अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व त्यसरी भुक्तानी भएको रकम र मूल्य अभिवृद्धि कर सम्बन्धित ठेकेदार तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट यकिन गरे पश्चात् मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार रिटेन्सन मनी फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर बुझाएको विवरण संलग्न नगरी धरौटी फिर्ता गरेको छ । तसर्थ तोकीए बमोजिम मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने

| **भौचर नं.** | **मिति** | **निर्माणव्यवसायी** | **धरौटी फिर्ता रकम** |
|---|---|---|---|
| १२ | २०७९।८।२६ | रिदमकन्स्ट्रक्सन | १८६००० |
| १६ | २०७९।९।२८ | प्रिन्सानिर्माण सेवा प्रा लि | ५६२५० |
| | जम्मा | | २४२२५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४२,२५० |

३७ **मेडपा** - गाउँपालिकाले यस वर्ष गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्नेतर्फ रू.२६ लाख ४८ हजार खर्च गरेको छ । जसअन्तर्गत २ जना सहजकर्ता व्यवस्थापन गरी सिलाई कटाई व्युटीपार्लर लगायतका विभिन्न तालिमहरू संचालन तथा प्रविधि हस्तान्तरण गरेको छ । उक्त तालिम लिएका तथा मेसिन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको

छैन । गाउँपालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थिहरूले व्यवसाय तथा उद्यम सूरू नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरूको उपलब्धी मापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **प्रधानमन्त्री रोजगार** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ५८ जनालाई औसत ९३.२ दिनले रोजगारी उपलव्ध गराई रू.३०६५०२४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **सामाजिक सुरक्षा भत्ता**

३९.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । सोही अनुसार वडाहरूलाई निकाशा भुक्तानी भएको रकम निम्नानुसार वितरण भइ कूल सामाजिक सुरक्षा भत्ता रू १२५५१०८३९ खर्च भएको देखियो ।

| वडा | वैंक | पहिलो त्रैमासिक वितरण | दोस्रो त्रैमासिक वितरण | तेस्रो त्रैमासिक वितरण | चौथो त्रैमासिक वितरण | जम्मा वितरण |
|---|---|---|---|---|---|---|
| १ | नेपाल बैंक | ३५१७९९२ | ३७३७२९३ | ३७४२४७५ | ३७६४०५४ | १४७६१८१४ |
| २ | | ३२५८८८७ | ३४७७५५८ | ३५०५६६० | ३५६७६६९ | १३८०९७७४ |
| ३ | | ६०९८७५९ | ६४१२९५७ | ६५३६०११ | ६५५५८५८ | २५६०३५८५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सिटिजन बैंक | ६२१२५९२ | ६४५८६२३ | ६४९८११२ | ६५९१५२३ | २५७६०८५० |
| ५ | नेपाल बैंक | २८९५६८२ | २९९६३०८ | ३०३३८९४ | ३१२४४७२ | १२०५०३५६ |
| ६ | ग्लोबल आई एम ई बैंक | २९५५५९७ | ३२०३३२८ | ३२८०२३६ | ३२७६३७९ | १२७१५५४० |
| ७ | | २०२७१४८ | २१२४७२० | २१२३६४१ | २११७४३३ | ८३९२९४२ |
| ८ | | २९४३१३४ | ३११२३१५ | ३१५५७५४ | ३२०४७७५ | १२४१५९७८ |
| | जम्मा | २९९०९७९१ | ३१५२३१०२ | ३१८७५७८३ | ३२२०२१६३ | १२५५१०८३९ |

सैद्धान्तिक बेरुजु

३९.२ मृतकलाई भत्ता वितरणः सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाई रहेको व्यक्तिको मृत्यु भएमा वा त्यस्तो व्यक्ति सामाजिक सुरक्षा भत्ता पाउन योग्य नभएमा निजको नाम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेखबाट हटाउनु |पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा पालिकाबाट प्राप्त मृत्यु दर्ताको अभिलेख परीक्षण गर्दा मृत्यु भइसकेका लाभग्राहीको नाममा मृत्युपछि पनि निजका बैक खातामा सामाजिक सुरक्षा भत्ता पठाएको पाइयो । पालिकाले सम्बन्धितबाट मृत्यु मिति भन्दा पछि वितरण गरेको सामाजिक सुरक्षा भत्ता असुल गरी बेरूजू खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू

| **क सं** | **व्यक्तिगत नम्बर** | **लाभग्राहीको नाम** | **वडा नं** | **रकम** |
|---|---|---|---|---|
| १ | १९९७०५१४००४०२ | सिता कुमारी बुढाथोकी मगर | १ | २३३३३ |
| २ | २००१०११००३४०३ | बेनिधरा कामी | २ | ६८०३ |
| ३ | २०१४१११५०२८५१ | मुडुली दमाई | ३ | ३७२४ |

| | | | | |
|---|---|---|---|---|
| ४ | १९९४०११५०११२२ | रूकमागत उपाध्याय | ३ | ४००० |
| ५ | २०३४१२१२००९९९ | शिव विश्वकर्मा | ३ | २५७१ |
| ६ | १९९६१०१७००४०७ | पुतली ज्ञवाली | ३ | १९९५ |
| ७ | २०१८०५१६००१६१ | कमला पोखरेल | ४ | १३३० |
| ८ | १९८७०४१८०००३५ | सुमित्रा दर्जी | ४ | ७६८४ |
| ९ | १९९६०२०२००८४४ | उमान सिंह राना | ४ | ७६०० |
| १० | २००६०४१८०२१८७ | सेतीदेवी गाहा मगर | ४ | ४२६६ |
| ११ | २००६०४०४०२६९४ | टुम कला खनाल | ४ | ४२६६ |
| १२ | २०२००४०५०२६२३ | तिलमता घर्ती मगर | ५ | ७९८० |
| १३ | २०१०११२७००६१९ | मान कुमारी अर्घाली मगर | ५ | १३३३ |
| १४ | २०२४०८१५०३७०६ | कमला पुन | ५ | ७९८० |
| १५ | १९९६०२१९००२८५ | केशब राज नेपाल | ५ | ८८०० |
| १६ | २००४०७०१००३४२ | डल्ली सर्किनी | ५ | ३४६६ |
| १७ | २००००८०९००५८३ | रूपकली कामी | ७ | १७३३ |
| १८ | २००८०७१००४०४९ | मान कुमारी कार्की | ७ | १०६६ |

| | | | | |
|---|---|---|---|---|
| १९ | २००००५०२००९६१ | हरिकला कुँवर | ७ | २२६६ |
| २० | २००००३१२००७५९ | ललिता मगर्नी | ८ | १७४६६ |
| २१ | २००४०४०८०२६४७ | खिम लाल पल्ली | ८ | ११७३३ |
| २२ | २०२२०२१४००१६५ | मान कुमारी राना | ८ | ५८५२ |
| २३ | २००४१००२०३९९१ | धन सिं पाण्डे | ८ | २००० |
| | जम्मा | | | १३९२४७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३९,२४७ |

३९.३ सामाजिक सुरक्षा कार्यविधि २०७७ अनुरूप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसुचि १० अनुसार बैंक संग निश्क्रिय खाताहरूको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरूको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रूपमा सार्वजनिक गर्नुपर्ने लगायतका आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोरामा सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९.४ सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३ (१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ । उपनियम १ बमोजिम त्रैमासिक प्रतिवेदन पठाउँदा पहिलो त्रैमासिक प्रतिवेदन कार्तिक ७ गतेभित्र दोस्रो त्रैमासिक प्रतिवेदन माघ ७ गतेभित्र, तेस्रो त्रैमासिक प्रतिवेदन बैशाख ७ गतेभित्र र चौथो त्रैमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक वर्षको साउन १५ गतेभित्र विभागले तोके बमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन। नियमले गरेको व्यवस्था पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली २०६३ को नियम ८४ बमोजिम सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउ आह्वान गरी खरिद गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसार रु.२४९८७८४ को मसलन्द तथा स्टेशनरी ४ पटक गरी खरिद तथा छपाई गरेको छ । उक्त सामान खरिद स्वीकृत कार्यक्रम अनुसार भएको कार्यालयको भनाई रहेको छ । खरिद योजना बनाई आवश्यक परेको बखत आपूर्ति गर्ने गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्दछ ।

| **गो भौ नं मिति** | **विवरण** | **आपुर्तिकर्ताको नाम** | **रकम** |
|---|---|---|---|
| ३१-०७९।५।१० | मसलन्द तथा स्टेशनरी छपाई | दुर्गा प्रिन्टिङ तथा स्टेशनरी | ८०७९७८ |
| ३३-०७९।५।१० | मसलन्द तथा स्टेशनरी खरिद | जनसेवा सप्लायर्स | ६५२००० |
| ३१९-०८०।३।१ | मसलन्द तथा स्टेशनरी (शर्सत तर्फ) | शुभ पाण्डे स्टेशनरी | ४२६६३० |
| ६१९-०७९।१२।२८ | मसलन्द तथा छपाई | आईडिया डिजाइनर्स एण्ड अफसेट प्रेस | ६१२१७६ |
| **जम्मा** | | | **२४९८७८४** |

सैद्धान्तिक बेरुजु

४१ **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुने नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले शिक्षक सेवा तयारी कक्षाको लागि परामर्शदाता सेवा लिएकोमा आफ्नो जनशक्तिबाट हुन नसक्ने विषय खुलाएको छैन । पालिकाले गो भौ नं ९१६ मिति २०८०।३।२२ बाट शिक्षक सेवा तयारी वापत नव किरण नेपाललाई रू.३८३००० भुक्तानी गरेकोमा उक्त कक्षामा सहभागी विद्यार्थीको विवरण तथा सहभागी मध्येबाट सेवाआयोगको परीक्षणको लागि आवेदन दिएको तथा उतीर्ण भएको लगायतका उपलब्धि मापन भएको देखिएन । तसर्थ पालिकाले तालिम तथा कक्षा लिई संचालन पश्चात् सोको मुल्यांकन गरी प्रभावकारीता यकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **बैठक सम्बन्धमा** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा बजेट खर्च गर्दा मितव्ययीता कायम गर्नुपर्ने व्यवस्था छ ।अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका एंव खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि ७.१.१.६ मा बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेमा बढीमा ३ जना सम्म आमन्त्रित सदस्यलाई भत्ता दिन सकिने व्यवस्था छ । पालिकाले निम्न बमोजिमका भौचरबाट समितिमा हुने सदस्य बाहेक बढी सङ्ख्यामा आमन्त्रित राखि बैठक भत्ता भुक्तानी गरेको देखिन्छ । त्यसरी भुक्तानी गर्दा विशेषज्ञको आवश्यकता खुलाएको छैन । अत : विशेषज्ञको आवश्यकता परेको अवस्थामा सो खुल्ने विवरण समावेश गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

| गो भौ नं मिति | समितिको नाम | बढी संख्या | कर कट्टि बाहेको रकम |
|---|---|---|---|
| ५९७-०७९।१२।२६ | न्यायिक समिति | १४ | ११९०० |
| ९८६-०८०।३।२४ | राजस्व परामर्श समिति | ६ | ५१०० |
| ९८०-०८०।३।२४ | पूर्वाधार विकास समिति | १२ | १०२०० |
| जम्मा | | | २७२०० |

सैद्धान्तिक बेरुजु

४३ **फिल्ड सामग्री** - सार्वजनिक निकायले खर्च लेख्दा खर्चको मितव्ययी पक्षमा ध्यान दिई खर्च गर्नुपर्ने हुन्छ । पालिकाले गो भौ नं ८६५ मिति २०८०।३।४ मा प्राविधिकको फिल्ड सामग्रि खरिद (९ पिस व्याग ५३५० को दरले, रेनकोट ९ पिस ३९५० को दर) जम्मा रू ८३७०० को खरिद भएको देखिन्छ । यसरी वार्षिक रूपमा उही फिल्ड सामग्री खरिद गर्नु उपयुक्त देखिएन । पालिकाले सामग्रीको प्रकृति हेरी कुन वर्ष के खरिद गर्ने भनि वार्षिक तालिका बनाई खरिद गर्न उपयुक्त देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४४ **अनुदान वितरण** - कृषि तथा पशुपक्षी कार्यक्रम कार्यान्वयन लागि संक्षिप्त कार्यविधि २०७९ को परिच्छेद नम्बर ४ बुँदा नम्बर ९ मा कृषि औजार सामग्री ५० प्रतिशत अनुदानमा उपलब्ध गराउन सक्ने व्यवस्था छ । अतः पालिकाले ५० प्रतिशत मात्र अनुदान उपलब्ध गराउनुपर्नेमा वडा कार्यालयले सो कार्य विधिको पालना नगरी शतप्रतिशत नै अनुदान उपलब्ध गराएकोले थप व्ययभार पर्न गएको रू

| **गो भौ नं मिति** | **विवरण** | **रकम** | **५० प्रतिशत अनुदान** |
|---|---|---|---|
| ८१५-८०।२।२२ | मल्चिङ्ग प्लाष्टिक २ थान | १२००० | ६००० |

| | | | |
|---|---|---|---|
| ६३७-०७९।१२।२८ | बाख्रा वितरण १२ वटा | ९६००० | ४८००० |
| जम्मा | | | ५४००० |

| | |
|---|---|
| अनियमित भएको | ५४,००० |

४५ **पशु बिमा** - नेपाल सरकारको पशु विमा निर्देशिकामा पशु विमा गर्दा लाग्ने बिमाङ्क रकमको ५ प्रतिशत शुल्क मध्ये नेपाल सरकारले ८० प्रतिशत व्यहोर्ने र बाँकी २० प्रतिशत कृषकले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नंम्बर २ ले २१० जना कृषकले व्यहोर्नु पर्ने २० प्रतिशत अंशको रकम व्यहोर्ने गरी पशु विकाश कार्यक्रम अन्तर्गत गो भौ नं ५८२ मिति २०८०।१२।१३ बाट रकम रू २१९५१० व्यहोरेको छ । यसरी उल्लिखित निर्देशिका विपरीत खर्च लेखेकोले विमामा कृषकको सहभागिता नरहेको एवं पालिकालाई थप व्यय भार हुन आएको रू

| | |
|---|---|
| अनियमित भएको | २,१९,५१० |

४६ **सवारी साधन भाडा** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययी किसिमले खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा साधन प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाको वित्तीय प्रतिवेदन अनुसार पालिकाले यस वर्ष मेशिनरी औजार भाडा शिर्षकबाट सवारी साधन भाडामा रु १८ लाख ६४ हजार खर्च गरेको छ । पालिकामा २ वटा चार पाङ्ग्रे सवारी साधन रहेको छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले निम्न बमोजिम भौचरबाट सवारी साधन भाडामा लिई भुक्तानी गरेको उपयुक्त देखिएन । यसरी भाडामा लिदाँ भाडामा लिनुपर्ने आवश्यकता प्रयोजन उद्देश्य खुलाई, दर निर्धारण एवं सम्झौता समेत गरी मितव्ययीता अपनाउनु पर्दछ ।

| **गो भौ नं मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १९-०७९।५।१० | विभिन्न मितिमा प्रयोग भएको भनि भुक्तानी गरेको | १२३५०० |
| २६-०७९।५।१० | प्रयोजन स्पष्ट नभएको | ८०००० |
| ५७७-०७९।१२।९ | प्रयोजन खुलाएको | ५५५०० |
| ८४२-०८०।२।३२ | वडा नं १ र ४ का वडा अध्यक्षबाट स्वास्थ्य चौकी अनुगमन | ४१००० |

| | | |
|---|---|---|
| ८५३-०८०।३।३ | योजना अनुगमन (अध्यक्ष, उपाध्यक्ष र प्र.प्र.अ.) | ६५००० |
| ८८४-०८०।३।१५ | अध्यक्ष २०८०।२।२० मा दाङ गएको, २०८०।२।२५ मा सत्यवती अनुगमन र प्र.प्र.अ. भैरहवा गएको | ३१००० |
| ७६६-०८०।२।४ | अध्यक्ष र प्र.प्र.अ. ले प्रयोग गरेको मिति उल्लेख नगरेको | ३१००० |
| ५७२-०७९।१२।९ | अध्यक्षले प्रयोग गरेको रू ६३००० र उपाध्यक्षले प्रयोग गरेको रू ९००० समेत | ७१००० |

सैद्धान्तिक बेरुजु

४७ **सुपेरिवेक्षण** - कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७९।८० मा स्थानीय तहमा संचालन हुने अभियानमा स्थानीय तहका कर्मचारी परिचालन गर्दा वडा समुदायस्तरका संचालन हुने अभियानहरूको योजना अनुसार ए ई एफ आईको अनुगमन र व्यवस्थापनमा खटिने स्वास्थ्य संस्थाहरूलाई प्राथमिकतामा राखि बाँकी रकमबाट स्थानीय तहबाट जनशक्ति परिचालन र अवधि निर्धारण गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले उल्लेखित अभियानको योजना बनाई स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई प्राथमिकतामा राखी योजना अनुसार खर्च गर्नुपर्नेमा गो.भौ.नं. ३९१ मिति २०८०।३।१४ बाट निर्देशिकामा उल्लेख भए भन्दा फरक पर्ने गरी पदाधिकारी र कार्यालयका कर्मचारी गरी १२ जनाले सुपरिवेक्षण गरेको उल्लेख गरी रु १२६००० खर्च लेखेको छ । यसरी समुदाय स्तरमा संचालन हुने अभियानहरुको योजना वेगर खर्च लेख्नु उपयुक्त देखिएन । साथै सुपरिवेक्षणबाट पहिचान भएका विषयहरु समावेश गरी सुपरिवेक्षण प्रतिवेदन समेत बनाउनु पर्नेमा सो समेत तयार गरेको नदेखिएकोले कार्यक्रमको उद्देश्य हाँसिल भएनभएको यकिन गर्ने सकिएन ।

सैद्धान्तिक बेरुजु

४८ **विविध खर्च** - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी ऐन २०७६ को परिच्छेद ९ को १ मा भ्रमण गर्ने पदाधिकारीले अनुसूची १ बमोजिम दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । पालिकाले पालिका अध्यक्षको विभिन्न भ्रमणको समयमा खर्च भएको उल्लेख गरी विभिन्न होटेलको विल भर्पाई संलग्न गरी गो.भौ.नं. ५८३ मिति २०७९।१२।१२ बाट रू ८१०००, गो.भौ.नं. ५९८ मिति ०७९।१२।२७ बाट रू ९९५०० र गो.भौ.नं. ६२४ मिति २०७९।१२।२८ बाट रू ३६१०० गरी जम्मा रू २१६६०० योगराज बस्याल नाममा भुक्तानी गरेको छ । विविध खर्चको प्रयोजन र आधार स्पष्ट नगरी यस प्रकारको खर्च लेख्नु मनासिव देखिदैन । यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **कार्यक्रम संचालन -** कम्युनिटि डट्स कार्यक्रम संचालनमा र स्वास्थ्यकर्मीलाई एक दिने अभिमुखिकरण तालिम खोजपडताल कार्यक्रममा गो भौ नं २०१-०७९।१२।१९ बाट रू ९११५० खर्च लेखेकोमा खोजपडताल कार्यक्रम संचालन भए नभएको सम्बन्ध प्रष्ट हुने कागजात संलग्न नभएकोले एकिन गर्न सकिएन । कार्यविधि अनुसार औषधि खरिद गर्नुपर्ने व्यवस्था नभएकोमा पालिकाले निर्देशिका विपरित रू ५०५५० को औषधी खरिद गरेको नियमसम्मत नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | ५०,५५० |

५० **वितरण भर्पाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ सार्वजनिक निकायले खर्च लेख्दा विल भर्पाई सहित श्रेस्ता राखुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिमको भौचरबाट खर्च लेखेकोमा वितरणको भर्पाई संलग्न नदेखीएकोले प्रमाण पेश हुनुपर्ने रू

| गो भौ नं मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ९६१-०८०।३।२३ | भलिवल ३२ पिस रू१५०० को दरले<br><br>नेट ६ पिस रू २००० को दरले | ३०००० | ३२ मध्ये २० को भर्पाई छ |
| ९६४-०८०।३।२३ | विविध भाडाकुडाँ | १६३९० | जिन्सी दाखिला छैन |
| ७९०-०७९।१२।१८ | टेबुल ४ थानको ६८०००<br><br>स्टील दराज ४ थानको ५६०००<br><br>नोटिस बोर्ड २ थानको ८०००<br><br>सिलिपिङ कुर्सी ४ थानको ४६००० | १७८००० | विद्यालयको खरिद भएको जनाएकोमा जिन्सी दाखिला र हस्तान्तरण फाराम नभएको |
| ७९०-०७९।१२।१८ | अफिस दराज ९ पिस<br><br>कुर्चि ४ पिस<br><br>अफिस टेबल ५ थान | ३५४०९५ | मुझुङ्ग स्वास्थ्य चौकिलाई हस्तान्तरण गरेको छ । सिदेश्वर स्वास्थ्य चौकिलाई ह.फा गरेको छैन र दुवै जीन्सी |

| | | | |
|---|---|---|---|
| | सुचनापाटी २ थान<br>टि टेवल १ थान<br>एंगल र्‍याक १० थान<br>भिजिट कुर्सि २<br>डस्विन ३३ पिस | | दाखिला र जिन्सी संकेत कोड गरेको छैन |
| ५३६-०७९।१२।०२ | सुचना तथा कार्याक्रम प्रसारण रेडियो मुक्तिनाथ | ८०००० | जिङ्गल प्रसारणको प्रमाण संग्लन नभएको |
| ५६०-०७९।१२।८ | जर्सि प्रिन्ट २४ थान | १६८०० | वितरणको भर्पाई संग्लन नभएको |
| ५७१-०७९।१२।९ | ग्यास रिफिल ९ | १७१०० | जिन्सी दाखिलाको प्रमाण नभएको |
| ३०-०७९।१२।२८ | प्रोजेक्टर १ थान<br>सिलिङ्ग प्यान २ थान | ४९२५३ | सत्यवति चौकिलाई हस्तान्तरण गरेको र जिन्सी दाखिलाको प्रमाण संग्लन नभएको |
| जम्मा | | ७४१६३८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४१,६३८ |

५१ **अवलोकन भ्रमण** - स्थानीय तहका स्वस्थतर्फको कर्मचारी तलव भत्ता तथा प्रशासनिक खर्च शीर्षकबाट हस्तान्तरित कार्यक्रम कार्यान्वियन मार्गदर्शन २०७९।८० मा अध्ययन तथा अवलोकन शिर्षकको कार्यक्रम उल्लेख गरेको पाईदैन । पालिकाले गो भौ नं १०१-०७९।९।२१ बाट स्वास्थ्य तर्फका १३ कर्मचारी कास्की हुदै म्यागदी सम्म अवलोकन भ्रमण भनि रू १५०००० खर्च लेखेको छ । यसरी स्वीकृत कार्यक्रम वेगर खर्च लेखेको रू

| | | |
|---|---|---|
| | अनियमित भएको | १,५०,००० |

५२ **औषधिको लागत अनुमान-** - औषधिको लागत अनुमान- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने तथा लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपुर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग बाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनु पर्ने उल्लेख छ । पालिकाले ५३ प्रकारका औषधी खरिद कार्यको लगत अनुमान तयार चिराग फार्मेसी, चाँदनी मेडिसिन र समुन्द्र मेडिको फर्माबाट दररेट माग गरी सबै भन्दा घटी दरलाई आधार लिई लागत अनुमान तयार गर्दा गरेको देखियो । साथै उक्त लागत अनुमान तयार गर्दा गत वर्ष पाल्पा अस्पतालले खरिद गरेको दर तथा नजिकका जिल्लाका अन्य अस्पतालको दरलाई समेत आधार लिएको देखिएन । कार्यालयले ई विड मार्फत आपुर्ती कर्ता छनौट गरेकोमा कुल लागत अनुमान रू.१३७४९८५ भएको औषधि रू.४२९७९० मा आपूर्ति गर्ने गरी समुन्द्र मेडिको फर्माले ठेक्का पाएको छ । जसबाट पालिकाले तयार भएको लागत अनुमान यथार्थ परक रहेको देखिएन । तसर्थ नियममा तोकीए बमोजिम विधि प्रयोग गरी लागत अनुमान तयार हुनुपर्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५३ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-** - कार्यक्रम कार्यान्वयन पुस्तीका २०७९।८० को ९.१२. मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि तत्कालीन रूपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरू, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्नका लागि आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाई रू.५० लाख अनुदान उपलब्ध गराउने तथा उक्त विद्यालयले सम्झौता अनुरूप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउने व्यवस्था गरेको छ । भैरव नवदीप माध्यामिक विद्यालयले पेश गरेको शैक्षिक गुणस्तर सुधारको स्वीकृत प्रस्ताव तथा खर्चको विल भरपाई सहित रकम माग गरेकोमा पालिकाले यस वर्ष गोभौ ४४५ मिति २०७८।०३।१८ बाट विद्यालय शैक्षिक गुणस्तर सुदृढी करण एवमं कार्यसम्पादनमा आधारित प्रोत्साहन शीर्षकबाट रू. ५१९६००० निकासा दिएको छ । उक्त प्रस्ताव तथा खर्च परीक्षण गर्दा निम्नानुसार रहेको छ ।

५३.१ अनुगमन - उपरोक्त अनुदानको रकमबाट सम्झौता अनुसार कार्यविधिहरूमा उल्लेख भएका कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाको शिक्षा शाखा तथा पालिकाबाट नियमित अनुगमन गरी केन्द्रमा प्रतिवेदन गर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकाले गरेको छ । तर विद्यालये प्रस्ताव पेश गरी व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गरेकोमा उक्त रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली पालना गरे नगरेको, निर्देशिकामा उल्लेख भए बाहेकका कार्य प्रस्ताव तथा खर्च गरे नगरेको, खरिद गरिएका सामानको लागत अनुमान तथा जिन्सी दाखिला यथार्थ भए नभएको तथा अन्य प्रचलित कानुनहरू पालना गरे नगरेको सम्बन्धमा अनुगमन भएको देखिएन । तसर्थ पालिका शिक्षा शाखाबाट उक्त अनुदान रकमको खर्च तथा उपयोग सम्बन्धमा अनुगमन भई अनुदान रकम ऐन, नियम तथा कार्यविधि अनुरूप खर्च भएको सुनिश्चित हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३.२ शैक्षिक क्यालेन्डर- पालिकाले पेश गरेको ई मिस प्रतिवेदन अनुसार विद्यालयमा ६३६ विद्यार्थी रहेको छ । विद्यालयले शैक्षिक क्यालेन्डर छपाई गर्ने गरी प्रस्ताव पेश गरेकोमा वर्ष २०८० को क्यालेन्डर प्रति थान रू.६५ का दरले २२१० थान तथा प्रति थान रू.१०० को होम वर्क डायरी १३२७ थान छपाई गरेको छ । विद्यालयमा रहेको विद्यार्थी संख्या भन्दा तीन गुणा अर्थात १५७४ थान बढी २०८० को क्यालेन्डर छपाई गरी प्रतिथान रू.६५ का दरले रू. १०२३१० र ६९१ थान होम वर्क डायरी छपाइको रू.६९१०० समेत रू १७१४१० बढी खर्च देखाएको छ । २०८१ मा प्रयोग नहुने उक्त क्यालेन्डर विद्यार्थी भन्दा बढी छपाई गर्नुको पुस्टाई पेश हुनुपर्दछ । रू.

| प्रमाण पेश नगरेको | १,०२,३१० |
|---|---|

५३.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । विद्यालयले शैक्षिक प्रोत्साहन अनुदान रकमबाट कक्षाकोठा व्यवस्थापन अन्तर्गत शिव शक्ती ग्रिल उद्योगबाट प्रति थान रू.१२५०० का दरले रू.६००००२ का ४८ थान फलामे डेस्क बेन्च, क्यान्टिनको लागि रिजेन्ट फर्निचर ट्रेड लिंक प्रालिबाट रू.४२५२८ को फर्निचर र छात्रावास व्यवस्थापनका लागि प्रति थान रू.८२४९ को रू.९८९८८ को पलाईउडको चार खुट्टे खाट गरी रू.११२४११८ को फर्निचर खरिद गरेकोमा लागत अनुमान तयार गरेको तथा प्राविधिक मुल्यांकन गरेको देखिएन । साथै सार्वजनिक खरिद नियमावलीको नियम ८५ बमोजिम रू.१० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुनेमा सोको समेत पालना गरेको देखिएन । तसर्थ पालिकाले अनुगमन गरी खरिद नियमावलीको नियम १२३ बमोजिम प्राविधिक मुल्यांकन सहित नियमित हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | ११,२४,११८ |
|---|---|

५३.४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम निर्माण कार्यको नापी किताब तथा प्राविधिक मुल्यांकन तयार हुनुपर्दछ । विद्यालयले रू.९७४३३ को पाईप तथा फिटिङ्ग पार्टर्स खरिद गरेकोमा उक्त कार्यको लागत अनुमान तथा जडानको प्राविधिक मुल्यांकन तयार गरेको देखिएन । उक्त कार्यको प्राविधिक मुल्यांकन पेश हुनुपर्दछ । रू.

| प्रमाण पेश नगरेको | ९७,४३३ |
|---|---|

५३.५ अतिरिक्त कक्षा- विद्यालयले यस वर्ष कार्यसम्पादन प्रोत्साहन अनुदानबाट ३ जना शिक्षकले माघ महिनामा १९०, फागुनमा २३५, चैत्रमा १६०, बैशाखमा २७५, जेष्ठमा २८५ र आषाढमा १२२ गरी १३७६ कक्षा अतिरिक्त लिएको भनी रू.४९९७०० भुक्तानी दिएको छ ।२०८० आषाढ १९ देखि वर्षे विदा, बैशाख १० सम्म भर्ना अभियान लगायत भएको अस्थामा विद्यालय संचालन भएको, निजहरूले नियमित दैनीक लिनुपर्ने कक्षा तथा लिएको कक्षाको विवरण वेगर कक्षा संख्या मात्र राखी अतिरिक्त कक्षा संचालन वापत भनी भरपाई गरी रकम दिएको

नियमसम्मत देखिएन । तसर्थ शिक्षकले दैनीक लिनुपर्ने कक्षा तथा सो बाहेक लिएको अतिरिक्त कक्षाको गाउँपालिकाबाट अनुगमन गरी प्रमाणित भएको विवरण सहित उक्त खर्च रकम नियमित हुनुपर्दछ । रू.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ४,९९,००० |

५४ **थप औषधि** - पालिकाले ५३ प्रकारको औषधि खरिदको लागि देहाय अनुसार रू.१३७४९८५ को लागत अनुमान तयार गरि ई विड गरेकोमा सबै भन्दा घटी दर कबोल गर्ने समुन्द्र मेडिको फर्मबाट औषधिहरू खरिद गरी २०८०।०३।११ मा रू. ४२९००० भुक्तानी दिएको छ । तर मिति २०८०।०३।१२ को स्वास्थ्य चौकी ईन्चार्जहरूको बैठकबाट उक्त सूरू लागत अनुमान गरिएको परिमाणको औषधि नपुग हुने भएकोले देहाय अनुसार परिमाणमा थप औषधि खरिद गर्ने गरी निर्णय गरे बमोजिम सोही ठेक्काको दरमा थप औषधि मिति २०८०।०३।१३ मा खरिद गरेको देखिन्छ । आर्थिक वर्षको अन्तमा औषधि आपुर्ती भएको अवस्थामा बचत रकमबाट देहाय अनुसार औषधि थप परिमाणमा खरिद गर्दा आपुर्ती कर्ताले लागत अनुमानको तुलनामा कम घटी कबोलको औषधि खरिद गर्नुको कारण स्पष्ट हुन सकेन । साथै उक्त औषधिहरूको परिमाण सूरू लागत अनुमानमा समावेश गर्दा औषधिको कुल लागत अनुमान रू.२७२६६२० हुने र समुन्द्र मेडिको फर्मको कबोल अंक रू.१३२५३०५ हुने देखिन्छ । साथै सूरूको ५३ प्रकारको औषधिमा रू.४८०८४१ कबोल गर्ने रानीमहल मेडिको सप्लायर्सको थप परिमाण सहित समावेश गर्दा कबोल अंक रू.१२५४८९१ मात्र हुने देखिन्छ । जसअनुसार उक्त औषधिको ठेक्का समुन्द्र मेडिको फर्मलाई नभई रानीमहल मेडिको सप्लायर्सले पाउने देखिन्छ । साथै पालिकाले एकमुष्ट लागत अनुमान तयार नगरि स्वास्थ्य चौकी प्रमुखको बैठकबाट निर्णय गरि आपुर्ती कर्ताले दुई आइटममा वढी र अन्यमा कम घटी दर कबोल गरेको औषधि खरिद गरेको कारण पालिकालाई रू.७०४१४ थप व्यायभार परेको देखिन्छ । तसर्थ पालिकालाई आवश्यक पर्ने औषधिहरुकोको एकमुष्ट लागत अनुमान तयार गरी एकमुष्ट खरिद गरी खरिद कार्यलाई मितव्ययी बनाउनुपर्दछ ।

| क्र.सं. | औषधिको नाम | परिमाण | लागत अनुमान दर | लागत अनुमान | समुन्द्र मेडिको फर्मा | | रानीमहल मेडिको सप्लायर्स | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कबोल दर | जम्मा | कबोल दर | जम्मा |
| १ | cetrizine १० mg | ३०००० | ३.९६ | ११८८०० | ०.०१ | ३०० | १.८५ | ५५५०० |
| २ | ciprofloxacine eye/ear drop | १००० | २९.६८ | २९६८० | २२ | २२००० | ०.१५ | १५० |
| ३ | ibuprofen ४००mg | १५००० | २.९७ | ४४५५० | ३ | ४५००० | १.८ | २७००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | metformin ५००mg | ४०००० | १.९८ | ७९२०० | १.४ | ५६००० | १.९९ | ७९६०० |
| ५ | metronidazole २००mg tab | १०००० | १.९८ | १९८०० | २ | २०००० | ०.०१ | १०० |
| ६ | metronidazole ४००mg tab | २०००० | ३.४६ | ६९२०० | ३ | ६०००० | २.६ | ५२००० |
| ७ | amoxycillin cap ५०० mg | २०००० | ७.९ | १५८००० | ७ | १४०००० | ५.२ | १०४००० |
| ८ | amoxycillin cap २५० mg | १०००० | ४.९ | ४९००० | ४.२ | ४२००० | ०.२ | २००० |
| ९ | calamine lotion ३०ml | ५०० | ५४.४२ | २७२१० | २२ | ११००० | ०.१ | ५० |
| १० | ciprofloxacine २५० mg tab | १०००० | ५.९४ | ५९४०० | ५ | ५०००० | ४.८२ | ४८२०० |
| ११ | ciprofloxacine ५०० mg tab | २०००० | ७.९२ | १५८४०० | ७ | १४०००० | ४.९८ | ९९६०० |
| १२ | ranitidine १५० mg tab | ५०००० | २.९६ | १४८००० | ०.९५ | ४७५०० | २.४ | १२०००० |
| १३ | amlodipin ५ mg tab | २०००० | ४.९४ | ९८८०० | ४ | ८०००० | ३.२ | ६४००० |
| १४ | cotrimoxazole २४० mg ss | १०००० | ५.४४ | ५४४०० | ५ | ५०००० | ०.१ | १००० |
| १५ | oral rehydration salt pkt | ४००० | ९.८९ | ३९५६० | ०.०१ | ४० | ०.१५ | ६०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | paracetamol ५०० mg tab | ४०००० | ०.९७ | ३८८०० | ०.०१ | ४०० | ०.९८ | ३९२०० |
| १७ | salbutamol ४ mg | १०००० | १.४६ | १४६०० | १.५ | १५००० | ०.९९ | ९९०० |
| १८ | vitamin B complex tab | २०००० | २.९७ | ५९४०० | ३ | ६०००० | २.८ | ५६००० |
| १९ | zinc २० mg | २००० | ३.४६ | ६९२० | ०.०१ | २० | ०.२ | ४०० |
| २० | paracetamol syrup | ५०० | २९.६८ | १४८४० | ०.०१ | ५ | २८ | १४००० |
| २१ | cotrimoxazole ९६० mg ds | ७५०० | ८.४१ | ६३०७५ | ७.५ | ५६२५० | ०.१ | ७५० |
| थप परिमाण जम्मा | | | | १३५१६३५ | | ८९५५१५ | | ७७४०५० |
| ५३ प्रकारको जम्मा | | | | १३७४९८५ | | ४२९७९० | | ४८०८४१ |
| **कुल जम्मा** | | | | **२७२६६२०** | | **१३२५३०५** | | **१२५४८९१** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **शिक्षक प्रोत्साहन-** विद्यालयले अनुदान रकमबाट शिक्षक प्रोत्साहन दिने भनी प्रस्ताव गरेकोमा भैरव नवदीप मा. विद्यालय व्यवस्थापन समितिले निर्णय गरी २०७९ मा बचत रहेको क्यावी पर्व विदाको वापत २४ जना शिक्षकलाई रू.१८३८०६ रकम भुक्तानी दिएको भरपाई पेश गरेको छ । तर उक्त वचत विदाको दिन शिक्षक बाट भएको कार्यसम्पादन तथा कार्यको अभिलेख तथा विवरण संलग्न रहेको देखिएन । तसर्थ कार्यसम्पादन प्रमाण तथा अभिलेख वेगर शिक्षक नियमावली तथा अन्य प्रचलित कानुन अनुसार विदा संचित गर्न नपाईने र बचत विदाको भुक्तानी दिन नमिल्नेमा व्यवस्थापन समितिले निर्णय गरी भुक्तानी दिएको कानुन सम्मत देखिएन । तसर्थ प्रोत्साहन अनुदान कार्यविधिमा उल्लेख भए अनुसार कार्य भई शिक्षकको कार्य सम्पादन अभिलेख सहित उक्त खर्च रकम नियमित हुनुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | १,८३,८०६ |

५६ **अनुगमन** - कार्यक्रम कार्यान्वयन पुस्तिक २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१२ मा विज्ञान प्रयोगशाला, आईसिटी तथा पुस्तकालय अनुदान रकम छनौट भएका विद्यालयलाई एकमुष्ट अनुदान दिने र विद्यालयबाट खरिद भएको विलभरपाई प्राप्त भए पश्चात पालिकाबाट सोको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला, आईसिटी तथा पुस्तकालय स्थापनाका लागि देहाय अनुसार विद्यालयलाई निम्नानुसार रकम निकासा दिएकोमा विद्यालयबाट खरिद भएको विल भरपाई प्राप्त भएकोमा विद्यालयले विल बमोजिम खरिद गरे/नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । तसर्थ पालिकाबाट अनुगमन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित हुनुपर्दछ ।

| क.सं. | विद्यालय | वापत | रकम |
|---|---|---|---|
| १ | रैनादेवी माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६४७९९४ |
| २ | जनप्रिय आधारभूत विद्यालय | विज्ञान प्रयोगशाला | ६५०००० |
| ३ | भगवती आधारभूत विद्यालय | ई-पुस्तकालय व्यवस्थापन | ६४९००० |
| ४ | मालिका आधारभूत विद्यालय | ई-पुस्तकालय व्यवस्थापन | ६५०००० |
| ५ | गुहारठाना माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६४७९०० |
| ६ | वाल कल्याण आधारभूत विद्यालय | आईसिटी | ६४९००० |
| ७ | जोगवाणी माध्यामिक विद्यालय | आईसिटी | ६४९००० |
| ८ | भैरव नवदीप माध्यामिक विद्यालय | कार्यसम्पादनमा आधारित प्रोत्साहन | ५१९६००० |
| जम्मा | | | ९७३८८९४ |

सैद्धान्तिक बेरुजु

५७ **निजी विद्यालय अनुगमन**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले पालिका भित्र रहेको ६१ सामुदायिक विद्यालयको व्यवस्थापनको कार्य गर्ने गरेकोमा पालिका क्षेत्र भित्र रहेका संस्थागत विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । साथै उक्त निजी विद्यालयको शुल्क निर्धारण सहमति तथा सोको अनुगमन समेत पालिकाबाट भएको देखिएन । जसबाट निजी विद्यालयको शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अवस्था यकिन गर्न सकिएन । तसर्थ पालिका कानुनमा तोकीए अनुसार निजी विद्यालयको व्यवस्थापन तथा मुल्यांकन मापदण्ड निर्धारण गर्ने र शुल्क निर्धारण गर्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस गाउँपालिका अन्तर्गत वाल विकास देखि १२ सम्मका सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **विद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|
| ६१ | ३४२ | ३४२ | ७६ | ६६१२ |

उपरोक्त तथ्यांकलाई विश्लेषण गर्दा निम्नानुसार रहेको अवस्था छ ।

• नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले विद्यार्थी शिक्षक अनुपात हिमाली क्षेत्रमा ३०, पहाडमा ३५ र तराई तथा उपत्यकामा ४० रहनुपर्ने उल्लेख गरेको छ । यस गाउँपालिकामा ६६१२ विद्यार्थीको लागि ३४२ शिक्षक अर्थात औषत शिक्षक विद्यार्थी अनुपात १:१९ रहेको छ ।

• गाउँपालिकाबाट प्राप्त विवरण अनुसार ८ विद्यालयमा १ शिक्षक दरबन्दी रहेकोमा ५ देखि २६ जना मात्र विद्यार्थी रहेका छन् भने २ शिक्षक दरवन्दी भएका ११ विद्यालयमा ९ देखि ८२ जना सम्म विद्यार्थी रेहको देखिन्छ ।

• त्यसैगरी ३ शिक्षक दरबन्दी रहेको १२ विद्यालयमा १४ देखि ७१ जनासम्म विद्यार्थी रहेकोमा जीवनज्योति प्रा.वि. मा १४, बालकन्या प्रा.वि.मा २२, संगीता प्रा.वि. मा २४, कुमारीदेवी प्रा.वि. मा ३२, भवानी प्रा.वि. मा ३३, बिन्दवासिनी प्रा.वि. मा ३८ जना विद्यार्थी रहेका छन् ।

• पालिकाले २०७८ मा दरबन्दी मिलान गरेकोमा जीवनज्योति प्रा.वि. मा ३ जना र कुमारीदेवी प्रा.वि.मा स्वीकृत दरबन्दी अनुसारको आधारमा १/१ जना करार शिक्षक राखि तलब भत्ता खर्च लेखेको अवस्था छ ।

तसर्थ पालिकाले विद्यालय क्षेत्र सुधार योजना अनुसार शिक्षक विद्यार्थी अनुपात मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **निकासा अभिलेख खाता** - पालिकाले शिक्षकहरूको तलव भत्ता निकासा गर्नु पूर्व दरबन्दी अनुसार कार्यरत शिक्षकहरू यकिन गरी तलव भत्ता निकासा गर्नुपर्दछ । त्यस्तै माग फाराम सोही आधारमा रूजू गरी विद्यालयगत निकासा अभिलेख तयार नगरी यस वर्ष आधारभूत तर्फ शिक्षक तलवमा रू.१५ करोड ९० लाख ३ हजार र माध्यामिक तर्फ रू.३ करोड २८ लाख ७१ हजार गरी रू.१९ करोड ११ लाख ८१ हजार खर्च गरेको छ । लेखापरीक्षणको क्रममा बढी निकासा भएको रकम रू.४२१७७८ असुल भई बेरुजू खातामा दाखिला भएको छ । तसर्थ पालिकाले दरबन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरूपको माग फाराम तथा निकासा अभिलेख तयार गरी शिक्षकको तलव भत्ता यकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **शिक्षक अभिलेख** - शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नियमावलीमा व्यवस्था भए बमोजिमको शिक्षकको विद्यालय गत दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवा निवृत्त भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण आदीको अभिलेख राखेको पाईएन । तसर्थ नियमावलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको व्यवस्थापन गरी तल भत्ता निकासा दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **दिवा खाजाको नपुग रकम** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.१.२ कार्यक्रम कार्यान्वयन मार्गदर्शनको बुदाँ नं.७ मा तोकिएको वित्तीय र भौतिक प्रगति पूरा भई रकम बचत भएमा सोही क्रियाकलाप भित्रका स्यानीटरी प्याड, दिवा खाजा र पाठ्यपुस्तकमा अपुग रकम स्थानीय तहले प्रमाणित तथा अद्यावधिक शैक्षिक तथ्यांकको आधारमा आन्तरिक निर्णय गरी खर्च गर्न सक्ने उल्लेख छ । तर विद्यालयले प्रमाणित तथा अद्यावधिक शैक्षिक तथ्यांक बेगर विद्यालयहरूले दिवा खाजा खर्चको रकम माग गरेको आधारमा यस वर्ष दिवा खाजा कार्यक्रम तर्फबाट रू.८९६९००० र स्यानीटरी प्याडतर्फको बचत रकम मध्ये रू.६५६३५० गरी रू.९६२५३५० खर्च गरेको छ । पालिकाको प्रथम त्रैमासिकमा दिवा खाजा बापत ३८१३ जना विद्यार्थीको निकासा दिएकोमा चौथो त्रैमासिकमा ३५२३ जनाको मात्र निकासा दिएको छ । तर पालिकाबाट विद्यालयहरूको स्थलगत अनुगमन गरी विद्यार्थी संख्या सत्यापन गरेको छैन । साथै विद्यालयको मागको आधारमा निकासा दिएको र १८० दिन भन्दा बढी दिवा खाजा माग भए नभएको समेत हिसाव गरेको देखिएन । अन्तिम त्रैमासिकको कुल विद्यार्थी संख्यालाई आधार लिदाँ १८० दिनको कुल रू.९५१२१०० मात्र खर्च हुनेमा

पालिकाले रू.९६२५३५० खर्च गरेको छ । जसअनुसार प्रथम त्रैमासिक बाट अन्तिम त्रैमासिक सम्म विद्यार्थी संख्या घट्दै गएको देखिएकोले निकासा भए अनुरूप दिवा खाजा वितरण भएको सुनिश्चित हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

६२ **दिवाखाजामा पालिकाबाट थप** - पालिकाले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्दा संघ तथा प्रदेश सरकारबाट विनियोजन भएको कार्यक्रममा दोहोरो नहुने गरी कार्यक्रम तथा बजेट निर्माण गर्नुपर्दछ । नेपाल सरकारले वाल विकास देखि ६ कक्षा सम्मका विद्यार्थीको लागी प्रति दिन रू.१५ का दरले दिवा खाजा उपलब्ध गराउँदै आएकोमा पालिकाले रू.५ थप गरि आन्तरिक श्रोतबाट बेहोर्ने निर्णय गरी यस वर्ष रू.३२०८४५० विद्यालयहरूलाई निकासा दिएको छ । संघीय सरकारबाट कार्यक्रम तयार भएको अवस्थामा पालिकाले सोही प्रकृतिको कार्यक्रम राखी थप निकासा दिएकोमा विद्यालयहरूले दिवा खाजामा संघीय सरकारबाट तोकीएको भन्दा थप गुणस्तरिय तथा परिकार थप गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाईएन । पालिकाको आन्तरिक श्रोत कुल रू.१ करोड ११ लाख मात्र रहेकोमा संघीय सरकारबाट तय भएको कार्यक्रममै थप रकम निकासा दिएको र त्यसबाट गुणस्तरमा थप सुधार भए नभएको अनुगमन गरेको देखिएन । पालिकाले संघ तथा प्रदेश सरकारसँग समन्वय गरी पालिकाको आन्तरिक श्रोत समेतलाई आधार लिई कार्यक्रम तयार गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

६३ **सत्यापन** - कार्यक्रम कार्यान्वयन पुस्तिकाले दिवा खाजा, पाठ्यपुस्तक, पिसिएफ तथा निरन्तर विद्यार्थी मुल्यांकन, छात्रवृत्ति लगायतका रकम निकासा गर्दा विद्यालयले ई मिसमा प्रविष्टि गरेको विद्यार्थीको संख्याको स्थलगत निरीक्षण गरी सत्यापन (विद्यार्थी संख्या यकिन) भए बमोजिम गर्ने व्यवस्था गेको छ । पालिकाले यस वर्ष विद्यालयहरूले ई मिसमा प्रविष्टि गरेको विद्यार्थी संख्या सत्यापन नगरी सोही तथ्यांकलाई आधारमा देहाय अनुसार रकम निकासा दिएको छ । विद्यालयबाट प्रविष्टि गरिएको विद्यार्थीको संख्या सत्यापन नगरी अनुदान रकम निकासा गर्दा कुनै विद्यालयमा विद्यार्थी संख्या भन्दा घटी तथा कुनैमा बढी रकम निकासा हुने अवस्था सिर्जना हुन्छ । तसर्थ पालिकाले विद्यालयबाट ई मिसमा प्रविष्टि गरिएको विद्यार्थी संख्या यकिन गर्न स्थलगत अनुगमन गरी सत्यापन गर्ने कार्य गरी सत्यापनबाट प्राप्त विद्यार्थी संख्याको अधारमा मात्र निकासा दिनुपर्छ ।

| **क्र.सं.** | **वापत** | **विद्यार्थी संख्या** | **निकासा रकम** |
|---|---|---|---|
| १ | दिवा खाजा | ३९६२ मध्ये ३५२३ | ९६२५३५० |
| २ | पाठ्यपुस्तक | ६६१२ | ३७५७०९८ |
| ३ | पीसिएफ तथा निरन्तर मुल्यांकन | ६६१२ मध्ये ६३७८ | १४३३१०० |

| | | | |
|---|---|---|---|
| ४ | छात्रवृत्ती | ३४२ जना दलित छात्र सहित २४१२ | ९६४८०० |
| | **जम्मा** | | **१५७८०३४८** |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

६४ **घटी जडान** - उपभोक्ता समितिबाट खरिद भएको पाईप जडान हुनुपर्दछ । गोभौ ४०४ मिति २०८०।०२।१६ बाट रूनेह खानेपानी योजना उपभोक्ता समितिले पिएन १६ को ३२ एमएमको ७०० मिटर र २५ एमएमको ४८० मिटर पाईप खरिद समेत निर्माण कार्य गरी रू.११८००० भुक्तानी लिएको देखिन्छ । तर श्रेस्तामा संलग्न नापी किताब परीक्षण गर्दा ३१० मिटर मात्र पाईप जडान भएको देखिन्छ । जसअनुसार ३२ एमएमको ७०० मिटर र २५ एमएमको १७० गरी रू.८१७५५ को ८७० मिटर पाईप जडान भएको नापी पेश हुनुपर्दछ । रू.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ८१,७५५ |

६५ **कार्य स्वीकार** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(११ औ शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भई संचालनमा आएको निर्माण कार्यमा कार्यालयले कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । पालिकाले ठेक्का नं.६।२०७८।७९, मालुखान कुसेनी चौर वार्ड भवन ढलान कार्यको लागि मिति २०७९।०३।२० भित्र सम्पन्न गर्ने गरी मिति २०७८।१२।१२ मा रिजन निर्माण सेवासँग रू.२४६३८८६ मा सम्झौता गरेको छ । निर्माण व्यवसायीले माग गरे बमोजिम पालिकाले २०८०।०१।१५ सम्म म्याद थप गरेकोमा उक्त समयसम्म रू.२०४३७९६ को मात्र कार्य गरेको छ । तर पालिकाले खरिद नियमावलीको ११७ बमोजिम ९० प्रतिशत कार्य नभएको अवस्थामा कार्य स्वीकार दिन नमिल्नेमा ८२.९५ प्रतिशत कार्य भएको कार्यस्वीकार दिएको छ । जसअनुसार उक्त कार्य अधुरो रहेको छ । तसर्थ नियमावलीको व्यवस्था अनुसार सम्झौतानुसारको काम पुरा भए पछिमात्र कार्य स्वीकार गर्नु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

६६ **कर समायोजन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्छ । साथै निर्माण व्यवसायी तथा आपुर्तीकर्ताबाट जारी भएको कर विजक सिलसिलेवार हुनुपर्दछ । गोभौ ४८५ मिति २०८०।०३।२३ बाट गणेश स्थान मन्दीर आप्रेचौर निर्माण कार्यको लागि सुशिल निर्माण सेवालाई (६०८९४६९२२) रू.३१५१७२ भुक्तानी दिएकोमा विल नं. उल्लेख गरेको देखिएन । निर्माण व्यवसायीले पेश गरेको कर विजक नं. नभएकोले भुक्तानी लिएको ७० प्रतिशत मुल्य अभिवृद्धी कर रकम रू.२५३८१ सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको भन्नेमा आश्वस्त हुन सकिएन । आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हनुपर्ने रू.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २५,३८१ |

६७ **अधुरो लगत अनुमान** - पालिकाले योजनाहरूको लागत अनुमान तयार गर्दा प्रत्येक वर्ष रकम बिनियोजन भए अनुसारको कार्यको मात्र लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गर्ने गरेको देखिन्छ । जसबाट उक्त योजनाको दायित्व वर्षेनी सर्दै आएको र हालसम्म अधुरो रहेको अवस्था छ । साथै उक्त योजनाको कुल लागत तथा भएको कुल खर्च अध्यावधिक कार्यको एकीकृत विवरण समेत तयार भएको छैन । साथै उक्त योजनाहरू अधुरो हुने गरि बजेट बिनियोजन तथा कार्य गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौचर | मिति | योजना तथा समिति | विवरण | यस वर्षको भुक्तानी |
|---|---|---|---|---|
| २७१ | २०७९।११।२९ | साउने भैगाले पोखरा महिला भवन | पिल्लर र छलको मात्र कार्य भएको | ३८०००० |
| ४३८ | २०८०।०३।०७ | कालिका सहकारी महिला भवन | ६ वटा पिल्लर र आंशिक पर्खालको कार्य | २९२००० |
| ४०८ | २०८०।०२।१९ | महिला भवन भुटुक्दी | जगको कार्य मात्र | ९५००० |
| ४२१ | २०८०।०२।२८ | सुपा देउराली मन्दीर निर्माण | आंशिक निर्माण मात्र | १८७००० |
| जम्मा | | | | ९५४००० |

सैद्धान्तिक बेरुजु

६८ **त्रुटि सच्चाउने अवधि** - खरिद सम्झौताको खण्ड "सी" को ४२ मा समेत योजनाहरूको त्रुटि सच्चाउने अवधि सम्बन्धी अभिलेख राखि देखिएका समस्या तथा त्रुटिहरू उक्त अवधिमा सम्बन्धित निर्माण व्यवसायीबाट सच्चाउन लगाउने व्यवस्था छ । पालिकाले विगतमा निर्माण सम्पन्न भएका तथा यस वर्ष सम्पन्न भएका २३ योजनालाई त्रुटि सच्चाउने अवधि उल्लेख गरी अभिलेख राखेको छैन । जसले गर्दा निर्माण व्यवसायीलाई जिम्मेवार वनाउन नसकिने र त्यस्ता योजनाहरूमा त्रुटि सच्चाउने अवधि भित्रै थप लगानी गर्नुपर्ने अवस्था सिर्जना हुनसक्ने देखिन्छ । अत; त्रुटि सच्चाउने अवधिमा रहेका योजनाको अभिलेख अद्यावधिक गरी राख्ने एवम् सो अनुरूप अनुगमन गरी देखिएका समस्या र त्रुटिहरू सच्चाउने व्यावस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **कर्मचारीलाई सोधभर्ना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चीस हजार रूपयाँ भन्दा वढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा देहाय अनुसारका कारोवारहरूको परीक्षण गर्दा सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा

